यात्रा संस्मरण

# तोतापुरीबाबाको समाधि

सबै धर्मका तीर्थहरू पवित्र र सुन्दर हुन्छन् तर हिन्दूहरूका तीर्थको विज्ञान अदभूत छ। हिन्दूहरूले आफ्ना तीर्थ प्राकृतिक दृष्टिकोणले अति सुन्दर स्थानहरूमा निर्माण गरेका छन्।

हिन्दूहरूका चारप्रमुख धामहरू हुन् - जगन्नाथ पुरी, रामेश्वरम्, द्वारका र बद्रीनाथ। यी मध्ये पहिला दुई बंगालको खाडीको किनारामा, तेस्रो अरब सागरको किनारामा र चौथो हिमाली क्षेत्रको उच्च भेगमा अवस्थित छन्। यी चारै तीर्थहरू प्राकृतिक दृष्टिकोणले अति रमणीय र मनोहर छन्। यिनको यात्रा गर्दा मानिसको मन स्वतः अन्तर्मुखी र आनन्दित हुन्छ। विशेषतः हिन्दूहरूको जलतत्त्वप्रतिको अर्न्तदृष्टि अदभूत छ। यिनीहरूले जलतत्त्वको गहन् विज्ञान बुझे र आफ्ना सारा तीर्थ या त नदीको किनारामा बनाए या त समुद्रको किनारामा। जहाँ यी दुबै थिएनन् त्यहाँ उनीहरूले ठूला जलाशयको निर्माण गरी तीर्थको स्थापना गरे।

अस्ति रुस जाँदा हामीले जलतत्त्व माथि पूर्वी र पश्चिमी जगत्‌का वैज्ञानिकहरूको समष्टिगत खोजका आधारमा बनाइएको एउटा डकुमेन्ट्री फिल्म हेरेका थियौं। अध्ययनहरूबाट के पत्ता लागेको छ भने पानीका अणुहरूको बीचमा सृजना हुने कल्स्टरहरूमा पानीको वरिपरि हुने सबै भाव र विचारलाई कम्प्युटरको चिप्स्मा झैं संग्रह गर्ने क्षमता हुन्छ र ती विचार र भाव जलले संप्रेसित गरिरहेको हुन्छ। यो खोजपूर्ण फिल्मले हिन्दूहरूको जलतत्त्व प्रतिको समझलाई वैज्ञानिक रूपले पनि प्रमाणित गरेको देखिन्छ।

यी प्रमुख चार धाममध्ये जगन्नाथ पुरीलाई पुरुषोत्तम धाम र मृत्यलोकको वैकुण्ठ पनि भनिन्छ। वैष्णव सम्प्रदायहरूको यस तीर्थसँग अति नै गहिरो सम्बन्ध छ। आदि शंकाराचार्य, रामानुजाचार्य, निम्बार्काचार्य, चैतन्य महाप्रभु, युक्तेश्वर गिरि जस्ता महाविभूतिहरूले लामो समय यस स्थानमा प्रवास गरेका थिए। यी चार धाममध्ये नेपालबाट सबैभन्दा सुगमतापूर्वक पुगिन सक्ने धाम पनि जगन्नाथ पुरी नै हो। त्यसैकारण हिउँदको समयमा हरेक वर्ष त्यहाँ हामीले एउटा साधना शिविर लगाउने गरेका छौं। समुद्रको किनारमा अवस्थित होलिडे रिसोर्ट तीनतारे भएता पनि त्यसका मालिक महापात्रजी धार्मिक व्यक्ति भएकाले हामीलाई अत्यन्त सुलभ दरमा शिविरको अति राम्रो व्यवस्था गरिदिन्छन्। शिविरमा भारत, नेपाल र बाहिरका मित्रहरूपनि भाग लिन आइपुग्छन्। गत वर्ष पनि म शिविरपछि त्यहाँका तीर्थ तथा अन्य धार्मिक दृष्टिकोणले महत्वपूर्ण स्थानहरूको दर्शनार्थ केही दिन पुरीमा बसे।

एक दिन गाडी लिएर हामी पुरीबाट बाहिर एउटा जंगलमा घुमिरहेको थियौं। त्यहाँ एउटा सानो लोकनाथ शिव नाम गरेको पुरानो मन्दिर रहेछ। त्यहीं हामीले एक नागा स्वामी समाधिस्थ

गरिएको गिरनारीवन्ता नामक  आश्रमको बारेमा सुन्यौ जुन जंगलको बीचमा अवस्थित रहेछ। बढो कठिनाईले आश्रम फेला पारियो। सानो आश्रमको वरिपरि घनाघोर जंगल र बालुवै बालुवा थियो। यो आश्रममा पुगेपछि मलाई अत्यन्त आश्चर्य भयो के भने ति समाधिस्त दिगम्बर परमहंसदेव अरु कोही नभएर परमहंस रामकृष्णका गुरु तोतापुरी नै रहेछन्। अद्वैतको महान अनुभूति र जीवनमा यसको व्यवहारिक उपलब्धि दुबैको दृष्टिले अदभूत ती महापुरुषले सन् १९६१, अगस्त २८ का दिन २५० वर्षको उमेरमा पुरीको त्यो निर्जन वनमा महासमाधि लिएका रहेछन्।

रामकृष्ण साहित्यमा ती वेदान्ति गुरुको नाम उल्लेख छ। उनी पुरी सम्प्रदायका नागा स्वामी भएकाले रामकृष्ण उनलाई प्रेमले न्याङ्गटा भनेर बोलाउँथे। उनी स्वयम्पाके र कुनै ठाउँमा तीन दिन भन्दा बढी नबस्ने परिव्राजक थिए। रामकृष्णलाई उनले अद्वैत वेदान्तको शिक्षा दिएर साधनाका परमलक्ष्य निर्विकल्प समाधिको अनुभूति गराएका थिए। उनी स्वयम्ले पनि रामकृष्णबाट सगुण भक्तिको प्रेरणा र शिक्षा लिए। उनी रामकृष्णको प्रेममा दक्षिणेश्वरमा ११ महिना बसे। यी घटनाहरूको मिठो वर्णन रामकृष्ण साहित्यमा पाइन्छ र यसको चर्चा हामीले रामकृष्ण संबन्धि अगाडिका लेखहरूमा पनि गरेका छौं।

दक्षिणेश्वरबाट हिँडेपछि तोतापुरीजी परिव्राजकका रूपमा हिन्दूस्तान भरी घुमेका रहेछन् र २१० वर्षको उमेर काटिसकेपछि सन् १९२० मा पुरीको त्यो अन्कान्टार जंगलमा एक्लै एकठाउँमा बस्ने निर्णय गरेछन्।

ती इतिहासिक महापुरुष तोतापुरीबाबाको समाधिमा अचानक पुगेर मलाई आश्चर्यजनक सुखको अनुभूति भयो र उनको बारेमा अरु जान्ने ठूलो अभिप्सा जाग्यो। तर त्यहाँ उनका बारेमा बताउने कोही थिएन। आश्रममा केही किताबहरू राखिएको एउटा सिसाको बन्द दराजमात्र थियो। त्यहाँ एक ब्रह्मचारी बस्दा रहेछन् तर उनी शहर गएका रहेछन्। उनको प्रतिक्षामा दिनभरी तोतापुरीबाबाको समाधिमा कुरेर बस्यौं। साँझतिर उनी फर्किए। तर उनी कम बोल्ने साधक रहेछन्। उनीबाट तोतापुरीका बारेमा गहिरो जानकारी पाउन मलाई बडो धौधौ पऱ्यो।  पछि उनले त्यही दराजमा तोतापुरीबाबा कै बंगाली शिष्या मोनिका मित्राले अंग्रेजीमा लेखेको एउटा सानो किताब उपहार दिए। जसबाट मैले बाबाका बारेमा केही जानकारी प्राप्त गर्न सके।

सन् १९५० तिर पुरीमा स्वास्थलाभ गर्न आएकी ती बंगाली किशोरी मोनिका अदृश्य प्रेमले खिचिएर तोतापुरीबाबाको आश्रममा जान्थिन् र तोतापुरीबाबाले पनि उनको संस्कार देखेर साँझ नपरेसम्म आश्रममा बस्न अनुमति दिन्थे। एकान्त, शान्तवास र मौन मन पराउने बाबा मृगछालामाथि नांगै समाधिस्थ बस्थे। भेट्न आएका व्यक्ति गहिरो मुमुक्षु नभएसम्म उनी कसैसँग बोल्दैनथे र उनको दर्शन गर्न आएकाहरूलाई पनि केहीबेर पछि ‘ल दर्शन भयो अब जाउ’ भनी धपाउँथे।

ती किशोरीले तोतापुरीबाबासँग बस्दा घटेका घटनाहरू समेटिएको वृत्तान्त तोतापुरीबाबाको बारेमा उपलब्ध एक मात्रै पुस्तक हो ।

**केही वृत्तान्तहरू**

- आश्रममा एउटा गाई थियो । तर तोतापुरीबाबा त्यो गाइको दुध खान्थेनन् बरु बाहिरबाट कसैले ल्याएको दुध खान्थे । त्यो गाई अर्काको खेतमा गएर अन्न खाँदो रहेछ । त्यो क्रम धेरैपटक दोहरिएपछि किसान गुनासो गर्न तोतापुरीबाबा कहाँ आइपुगे । बाबाले त्यो किसानलाई गाई जिम्मा दिंदै भने, 'तिम्रो बाली यस गाईले खाइदिएवापत यो गाई तिमीलाई दान दिएँ, लिएर जाउ ।' गाई ती किसानसँग जान मानिरहेको थिएन् । बाबाले गाईलाई हप्काउँदै भने, 'पछिल्ला दुई मनुष्य योनीमा तिम्रो चोर्ने बानी थियो । त्यसले गर्दा यो जन्ममा पशुयोनीमा जन्मियौं । तिम्रो त्यो पुरानो बानी अझै गएन । पुरानो बानीले यसजन्ममा पनि तिमी अर्काको खेतमा चोरी खादो रहेछौं । समय मै बानी सुधार । खुरुक्क यस किसानसँग जाउ । दुधदिएर यसको सेवा गर । आफ्ना पछिल्ला पाप पखाल । यस जन्ममा मसँग केही संगत पनि गर्‍यौ । अब दुधदिएर ऋण चुक्ता गर र पशु योनीबाट आफूमुक्त होऔं ।' बाबाका यस्ता कुरा सुनेर दुबै आँखाबाट आँसु झार्दै त्यो गाई किसानसँग जान मान्यो ।

- अनेक आगन्तुकहरूले बाबालाई प्रश्न गर्थे - 'रामकृष्णका गुरु तोतापुरी तपाईं नै हो ? रामकृष्णले त शरीर छोडेको यत्रो वर्ष भयो ? तपाईंको उमेर कति हो ?' बाबा त्यस्ता कौतुहलीको जवाफ दिदैनथे । चुपचाप ध्यानमा बस्थे । कोही कोही गहिरो मुमुक्षुले प्रश्न गर्दा भन्थे, 'उ यो छेउको वरको रुखलाई सोध । उसको उमेर कति छ ? उसको उमेर जति भएपनि तिमीलाई त्यो जानेर के हुन्छ ? गर्मीमा त्यसको छाँयामा बसे तिमीलाई पुगिहाल्यो नि ?' तर मोनिकाले श्रद्धापूर्वक एक पटक सोद्धा बाबाले भनेका रहेछन्, 'म एकपटक गंगासागर स्नान गरेर फर्किंदै थिए । दक्षिणेश्वर आईपुग्दा त्यो गरिब ब्राह्मण रामकृष्णमा अद्भूत आध्यात्मिक वैराग्य देखें र उसको प्रेममा म ११ महिना दक्षिणेश्वर मै बसेको थिए ।' त्यो भन्दा बढी उनी आफ्नो बारेमा केही बताउँदैनथे ।

- एकपटक बाबा भागलपुरमा गंगाको तटमा साधनारत थिए । त्यहाँका गाउँलेहरू उनको बडो आदर र सेवा गर्थे । एकदिन ती गाउँलेहरूले बाबा बसेकै कुटीको वरिपरिबाट मान्छे डढाएको गन्ध आएको थाहा पाए । वरिपरी श्मासान घाट पनि थिएन । उनीहरूले एताउता खोजे कतै मान्छे डढाएको भेटिएन । त्यो गन्ध कहाँबाट आइरहेको छ भनी खोज्दै जाँदा उनीहरु बाबा कै कुटीमा पुगे । उनीहरूले बाबाको कुटीमा भित्र गएर हेरे । त्यहाँ धुनीबाट एउटा मोटो दाउरो उछिट्टिएर बाबाको खुट्टामा परी खुट्टा जलाइरहेको देखे । तर बाबा निर्विकल्प समाधिमा आनन्दरत रहेछन् शरीरको सुधै थिएन । गाउँलेले त्यो दाउरा निभाए र बाबाको मलमपट्टी गरे ।

- एकपटक सो गंगामा ठूलो बाढी आयो । बाढीले बिस्तारै त्यो गाउँ काट्न थाल्यो । माटो काट्दै आएको बाढीले पुरै गाउँ नै बगाउन आटेपछि सबै गाउँले बाबाकहाँ गुहार माग्न पुगेछन् - 'हजुरले कृपा नगरे त हाम्रो सबै बग्ने भयो । खेत बगिसक्यो । गाउँघर पनि पुरै बग्दैछ ।' बाबा आफ्नो बानीअनुसार केही बोलेनन् । चुपचाप गुनासो सुने । आँखा चिम्लिएर ध्यानस्थ भए । भोलिपल्ट नै गंगाको दिशा मोडियो । बगाएर ल्याएको माटो पनि त्यहीं छोडी नदीले अर्को दिशा लियो । बगाएर ल्याएको माटोले गर्दा त्यो जमिनमा अर्को वर्ष झन उब्जाउ भयो । यो चमत्कारपछि बाबाको प्रसिद्धि झन बढ्यो । त्यसपछि दूरदराजबाट मानिसहरू भेटीलिई तोतापुरीबाबालाई भेट्न आउन थाले । मानिसको भिड बढन थालेपछि बाबाले भागलपुर चुपचाप छोडे र पुरी आई बसे ।

- मोनिकालाई एक किसिमको कमजोरीले घेर्थ्यो र टाउको दुखिरहन्थ्यो । जति इलाज गरेपनि औषधिले कुनै असर गरिरहेको थिएन । त्यसकारण स्वास्थलाभकालागि उनी कोलकाताबाट पुरी आइन् र बाबाको आश्रम पुगिन् । एकपटक अति नै कमजोरी र भिषण टाउको दुखाईबाट ग्रस्त भएर उनी बाबादेखि केही दूरीमा चुपचाप बसेकी थिइन् । बाबाले आँखा खोली उनलाई हेर्दै सोधे, 'तिमीलाई के भएको छ ?' उनी आफ्नो कठिनाई बताएर बाबालाई दुःख दिन चाहादैन्थिन् । तर बाबालाई सबै थाहा भयो । मोनिकालाई बाबाले नजिक बोलाए र उनको टाउकोलाई हातले केहीबेर छोएर आँखा बन्द गरी एकछिन ध्यानमा बसी आँखा खोल्दै भने, 'अब यो रोगले तिमीलाई कहिल्यै सताउने छैन । यो सधैका लागि निको भयो ।' रोग निको भएको समाचार बुबाआमाले सुनेपछि मोनिकालाई कोलकाता बोलाउन थाले । तर बाबालाई छोडेर अन्यत्र जाने उनको मन थिएन । घरबाट कोलकाता फर्किन अति कर गर्न थालेपछि उनले सो कुरा बाबालाई बताइन् । बाबाले उनलाई सम्झाए - 'अब तिमी घर फर्क र छिट्टै तिम्रो विवाह हुन्छ ।' मोनिकालाई साधुसंगत छोडेर विवाह गर्ने इच्छा थिएन । तर बाबाले संझाउदै भने, 'एक सच्चा र इमान्दार गृहस्थ तथाकथित सन्यासीभन्दा पवित्र हुन्छ । साधु भेषमा निकै बेइमानहरू घुम्छन् । त्यसकारण तिमी जस्तो किशोरीका लागि सद्‌गृहस्थ जीवन बिताउनु नै बढी सुरक्षित र आनन्ददायक हुन्छ ।' बाबाका कुरा अक्षरशः सत्य निस्कियो । कोलकाता आएपछि मोनिकाको विवाह एक अति भद्र युएनमा काम गर्ने श्री सचिन्द्रकुमार मित्रसँग भयो । जोसँग उनको सारा दुनिया घुम्ने रहर आरामसाथ पुरा भयो । सचिन्द्र मित्र पनि पछि बाबाले शरीर छोडिसकेपछि उनकै भक्त हुनपुगे ।

osho@tapoban.com